राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस नोट

(आमसञ्चार माध्यममातत्कालप्रयोजनको लागि)

२०७३ चैत्र ११ गते

## कारागारको सुधार सम्बन्धमा आयोग र कारागार व्यवस्था विभाग विच  छलफल

कारागार सुधार र कैदीवन्दीका अधिकारका सम्वन्धमा राष्ट्रिय मानव अधिकार आयोग र कारागार व्यवस्था विभागका पदाधिकारीहरु वीच आजै आयोगमा छलफल भएको छ ।

सो क्रममा आयोगले गरेको कारागार तथा हिरासतको नियमित अनुगमनबाट प्राप्त तथ्यहरु तथा विद्यमान कानुनी व्यवस्था र अवस्था सम्बन्धमा छलफल भएको थियो । देशका सबैजसो कारागारहरूमा क्षमता भन्दा बढी कैदीबन्दी रहेको, खानेपानी, ढल निकास, लगायतका  भौतिक पुर्वाधारहरु जीर्ण अवस्थामा रहेको हुँदा कैदीबन्दीको जीवन जोखिममा परेको छ । कैदीबन्दीहरुलाई  नेपाल सरकारबाट उपलब्ध गराउँदै आएको दैनिक सिदा बापतको रकम रु. ४५/-, आश्रित बालबालिकाको लागि रु. १०/- र चाडपर्व खर्चको रकम रु. ३००/- समयानुकूल नभएको सम्बन्धमा नेपाल सरकारको ध्यानाकर्षण गराइएको छ । साथै आयोगले कारागार सुधार र कैदीबन्दीका अधिकारहरु सम्बन्धमा नेपाल सरकारलाई पटक-पटक सिफारिश तथा निर्देशन दिँदै आएको र सोको कार्यान्वयन नेपाल सरकारबाट नभएकोले कैदीबन्दी न्यूनतम मानव अधिकारको उपभोगबाट वञ्चित रहेको आयोगको बुझाइ रहेको छ ।

छलफलको क्रममा कारागारको भौतिक सुधार, स्वास्थ्य उपचार, बसोबास, पोषणयुक्त खाद्यान्न, सञ्चार सुविधा लगायतका विषयमा ध्यानाकर्षण गराईएको थियो ।

छलफलमा आयोगका माननीय सदस्य, सचिव तथा कारागार व्यवस्था विभागका महानिर्देशक तथा अन्य कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

मोहनाअन्सारी
सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org